# नेपाल राष्ट्र बैंक
# केन्द्रीय कार्यालय
# विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्रसंख्या :- ५१९ मिति : २०६६/१०/१७

**श्री इजाजतपत्र प्राप्त (क) वर्ग र राष्ट्रिय स्तरका (ख) वर्गका बैंक तथा वित्तीय संस्थाहरु ।**

**विषयः-** ***तिव्वतबाट हुने कच्चा ऊन र अन्य आयात कारोवार वारे ।***

महाशय,

चीनको स्वशासित क्षेत्र तिव्वतबाट तातोपानी भन्सार विन्दु मार्फत ड्राफ्ट/टि.टि. तथा क्रेडिट सुविधाका माध्यमबाट हुने कच्चा ऊन र अन्य आयात कारोवार सम्बन्धमा तत्काल लागू हुनेगरी देहाय बमोजिमको थप व्यवस्था गरिएकोले सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. चीनको स्वशासित क्षेत्र तिव्वतबाट हुने कच्चा ऊन तिव्वतस्थित निर्यातकर्ताबाटै आयात गरी सोको भुक्तानी पनि सोही निर्यातकर्ताको तिव्वत स्थित बैंक खातामा जम्मा हुनु पर्नेछ ।

२. प्रचलित व्यवस्था बमोजिम आयात हुने वस्तुहरुको भुक्तानीको लागि सटही सुविधा प्रदान गर्दा भन्सार महसुल भुक्तानी गरेको रसिदको सक्कलप्रतिमा सटही प्रदान भएको प्रमाणित गरेपछि सो सक्कलप्रति बैंकमै राखी सक्कल प्रति बैंकमा रहेको व्यहोरा प्रमाणित गरी सोको प्रतिलिपि सम्बन्धित आयातकर्तालाई दिनु पर्नेछ ।

३. प्रचलित व्यवस्था बमोजिम बस्तु आयात हुने प्रमाणित हुने अन्य कागजातहरुका साथै व्यापारिक विजक ( Commercial Invoice) र ढुवानी सम्बन्धी कागजात (Transport Document) का प्रतिलिपि समेत लिनु पर्नेछ ।

४. ई.प्रा.परिपत्रसंख्या ३८६, ३८७ र ५१८ का अन्य व्यवस्थाहरु यथावत राखिएको छ ।

भवदीय,

( भाष्करमणि ज्ञवाली )
कार्यकारी निर्देशक

***वोधार्थः-***

१. गभर्नरको कार्यालय
२. डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, आ.का.वि. तथा नि.वि. महाशाखा, सिंहदरवार ।
४. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, भन्सार विभाग, त्रिपुरेश्वर ।
५. बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
६. बैंक सुपरिवेक्षण विभाग ।
७. आन्तरिक लेखा परिक्षण विभाग ।
८. सूचना प्रविधि विभाग :- यस विभागको वेभसाइटमा राखिदिनु हुन ।
९. नेपाल बैंकर्स एशोसिएशन, हेरिटेज प्लाजा, काठमाडौं ।
१०. श्री नेपाल उद्योग वाणिज्य महासंघ, वागमति च्याम्बर, टेकु ।